# संघीय संसद
# प्रतिनिधि सभा

**चौथो अधिवेशन**

**बैठक संख्या - ४६**

## दैनिक कार्यसूची

२०७६ साउन २६ गते

**आइतबार**

बिहान ११:०० बजे

### समितिमा थप तथा हेरफेर

१. सम्माननीय सभामुखले प्रतिनिधि सभा अन्तर्गत गठित विषयगत समितिमा मा० सदस्यको नाम थप तथा हेरफेर गर्नुहुने ।

### प्रतिवेदन पेश

२. कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका मा० सभापति श्री पूर्ण कुमारी सुवेदीले "भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुहुने ।

### व्यवस्थापन कार्य

३. मा० कृषि तथा पशुपंक्षी विकास मन्त्री श्री चक्रपाणी खनालले :-

(क) "बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) "बिउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

४. मा० युवा तथा खेलकुद मन्त्री श्री जगतबहादुर सुनार (विश्वकर्मा)ले "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ माथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

५. मा० गृह मन्त्री श्री रामबहादुर थापाले :-

(क) "राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको प्रहरी समायोजन विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) "प्रहरी समायोजन विधेयक, २०७६ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ग) "राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(घ) "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७६ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

६. मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले :-

(क) "कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहितको वातावरण संरक्षण विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) "वातावरण संरक्षण विधेयक, २०७६ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव